# स्थानीय राजपत्र

## बुढिगंगा नगरपालिकाद्वारा प्रकाशित

खण्ड: २ संख्या: १५ मिति: २०७५ /११/०१

### भाग - २

### बुढीगंगा नगरपालिका

नगर कार्यपालिकाबाट मिति २०७५ / १० / २५ मा स्वीकृत भएको **बुढिगंगा नगरपालिकाको ब्यवशाय दर्ता कार्यविधि, २०७५** सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**लोकहरी थापा**

नि. प्रमुख प्रशासकीय अधिकृत

## बुढिगंगा नगरपालिकाको ब्यवशाय दर्ता कार्यविधि, २०७५

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "बुढिगंगा नगरपालिका व्यवशाय दर्ता कार्यविधि" रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :**

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "व्यवशाय" भान्नाले बुढिगंगा नगरपालिका भित्र संचालन हुने वस्तु तथा सेवा प्रदान गरी नगद आय आर्जन गर्न सक्ने सर्वे किसिमका सबै किसिमका पेशा वा कारोबारलाई सम्झीनु पर्दछ ।

ख) "दर्ता" भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन भएका पेशा व्यवशायलाइ नगरपालिकाले अभिलेखिकरण गरी पेशा संचालन अनुमति दिनेकार्यलाइ बुझ्नु पर्दछ ।

ग) "नविकरण" भन्नाले व्यवशाय दर्ता गरिसकेपछि हरेक आ.व. को सुरुमा नगरपालिकाले निश्चित शुल्क लिइ अनुमति पुनः १ वर्षको लागि दिइने अनुमतिलाइ बुझ्नु पर्दछ ।

घ) "आर्थिक ऐन" भन्नाले चालु आर्थिक वर्षको लागि बुढिगंगा नगरपालिकाको नगरसभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ ।

ङ) "नगरपालिका" भन्नाले बुढिगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

**३. दर्ता नगरी व्यवशाय गर्न नहुने :**

नगरपालिका क्षेत्रभित्र कुनैपनि व्यवशाय दर्ता नगरी संचालन गर्नपाइने छैन ।

**४. व्यवशाय दर्ता :**

क) व्यवसाय दर्ताको लागि हरेक वडाले आफ्नो वडाभित्र रहेका व्यवशायीहरुलाइ वडा कार्यालयबाट नै व्यवशायको वर्गिकरण गरी दर्ता गर्नेछ र अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ।

ख) व्यवसायको वर्गिकरण नगरपालिकाको आर्थिक ऐनले तोकेबमोजिम हुनेछ ।

ग) व्यवसाय दर्ताको लागि तपशिल बमोजिमको कागजपत्र आवश्यक पर्नेछ

१. अनुसुचि २ बमोजिमको निवेदन

२. व्यवशायिको नेपालि नागरिकताको प्रतिलिपि, विदेशिको हकमा पासपोर्ट र नेपाल सरकारले व्यवशाय संचालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि,

३. दुई प्रति फोटो

४. मु.अ. कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

५. घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवशायको हकमा सम्झौतापत्र तथा जग्गाको लालपुर्जाको छाँयाप्रति

घ) सामुहिक व्यवशायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन ङ) व्यवशाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

**५. व्यवशाय नविकरण तथा दण्ड जरिवाना :**

क) नगरपालिकाले हरेक आर्थिक वर्षमा दर्ता भएका ब्यवशायलाई नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसुचि ३ बमोजिमको ढाँचामा व्यवशायिले निवेदन वडाकार्यालयमा दिनुपर्नेछ र ब्यवशाय नविकरण आर्थिक वर्षको पहिलो ३ महिना सम्म सम्बन्धित वडाकार्यालयबाट नै हुनेछ ।

ग) व्यवशाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीए बमोजिम हुनेछ ।

घ) तोकिएको समय भित्र व्यवशाय नविकरण नगर्ने व्यवशायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिइ नविकरण गरिनेछ ।

**६. ब्यवशाय बन्द गर्ने :**

(क) नगरपालिकाभित्र दर्ता भएको व्यवशाय बन्द भएमा वा बन्द गर्नु परेमा सम्बन्धित ब्यवयशायीले अनुसुचि ४ बमोजिम निवेदन सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपलिको अनगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

अ) सम्बन्धित वडाध्यक्ष संयोजक

आ) सम्बन्धित वडाले तोकेको २ जना वडा सदस्य सदस्य

इ ) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव

ग) समितिबाट सिफारिस प्राप्त भएपछि सम्बन्धित वडा ले सिफारिसको आधारमा व्यवशाय दर्ता खारेज गर्नेछ ।

**७. सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्ने :**

क) यस कार्यविधि बमोजिम नगरपालिका भित्र दर्ता भएका व्यवशायीहरु नेपाल सरकारले तोकेको अन्य निकायमा समेत दर्ता हुनु पर्नेछ ।

ख) यसकार्यविधि बमोजिम नगरपालिकामा दर्ता भएका व्यवशाय संघीय कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुनेछैन ।

ग) समितिबाट सिफारि प्राप्त भएपछि सम्बन्धित वडाले सिफारिशको आधारमा व्यवशाय दर्ता